फोन नं: ०८४-४२०२०२
Email: dgao.bardiya@ag.gov.np, Web: www.ag.gov.np
ठेगाना: जिल्ला बर्दिया, गुलरिया नगरपालिका, वडा नं ६

# जिल्ला सरकारी वकील कार्यालय
## बर्दिया
### (प्रशासन शाखा)

जिल्ला सरकारी वकील कार्यालय बर्दिया स्था. २०४२

पत्र संख्या:२०८०।०८१
चलानी नं. ४१८४

मिति: २०८१।०३।१४
ने.सं. ११४४ तछलागा ७ शुक्रबार

विषय: समुदायमा सरकारी वकील कार्यक्रमको प्रतिवेदन पठाएको सम्बन्धमा ।

श्री महान्यायाधिवक्ताको कार्यालय,
योजना, अनुसन्धान तथा अनुगमन विभाग,
रामशाहपथ, काठमाडौं ।

उपर्युक्त सम्बन्धमा उच्च सरकारी वकील कार्यालय नेपालगञ्ज र यस कार्यालयको संयुक्त आयोजनामा मिति २०८१।१।१४ गते समुदायमा सरकारी वकील कार्यक्रम अन्तर्गत कानूनी सचेतना सम्बन्धी अन्तरक्रिया कार्यक्रम बर्दियाको मधुवन नगरपालिकाको ब्यवस्थापन र समन्वयमा मधुवन नगरपालिकाको सभाहलमा सम्पन्न भएको थियो । उक्त कार्यक्रमको प्रतिवेदन यसै पत्र साथ संलग्न गरी पठाइएको ब्यहोरा अनुरोध छ ।

२०८१।३।१४
(नगेन्द्र लम्साल)
जिल्ला न्यायाधिवक्ता

वोधार्थ:
श्री उच्च सरकारी वकील कार्यालय, नेपालगञ्ज ।
श्री मधुवन नगरपालिका । (जानकारीको लागि)

# "समुदायमा सरकारी वकील कार्यक्रम"
# कानूनी सचेतना सम्बन्धी अन्तरक्रिया कार्यक्रम

## प्रतिवेदन

कार्यक्रम आयोजना मितिः २०८१ बैशाख १४ गते

कार्यक्रम स्थानः मधुवन नगरपालिका, बर्दिया ।

आयोजक

उच्च सरकारी वकील कार्यालय, नेपालगञ्ज ।

जिल्ला सरकारी वकील कार्यालय, बर्दिया ।

प्रतिवेदक

जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल
जिल्ला सरकारी वकील कार्यालय, बर्दिया ।

## विषयसूची


| | | पृ. |
|---|---|---|
| १. | कार्यक्रमको संक्षिप्त जानकारी | १ |
| २. | कार्यक्रमको उद्देश्य | १ |
| ३. | कार्यक्रममा प्रस्तुत भएका विषयहरू र प्रस्तुतकर्ता | १ |
| ४. | छलफलमा व्यक्त भएका विचारहरू र उठेका मुख्य मुख्य विषयहरू | २ |
| ५. | छलफलमा उठेका विषयहरूको सम्बोधन | ४ |
| ६. | कार्यक्रमका वक्ताहरुको मन्तब्य | ६ |
| ७. | कार्यक्रमबाट हासिल मुख्य उपलब्धिहरू | ८ |
| ८. | कार्यक्रम आयोजनामा आइपरेका समस्या/चुनौतीहरू | ८ |
| ९. | आगामी कार्यक्रमका लागि सुझाव | ८ |
| | अनुसूचीहरु | |
| | क) कार्यक्रम तालिका | ९ |
| | ख) कार्यक्रमका सहभागीहरूको नामावली | ११ |
| | ग) कार्यक्रमको तस्विर | १४ |
| | घ) कार्यक्रममा प्रस्तुत भएका कार्यपत्रहरू | १६ |

## कार्यक्रमको संक्षिप्त प्रतिवेदन

## १. कार्यक्रमको संक्षिप्त जानकारी

१) कार्यक्रमको नामः समुदायमा सरकारी वकील कार्यक्रम
कानूनी सचेतना सम्बन्धी अन्तरक्रिया कार्यक्रम ।

२) कार्यक्रम सञ्चालन स्थानः मधुवन नगरपालिकाको सभाहल, बर्दिया ।

३) कार्यक्रम व्यवस्थापन र समन्वयः मधुवन नगरपालिका, बर्दिया ।

४) कार्यक्रम आयोजना मितिः २०८१।१।१४

५) कार्यक्रम अवधिः विहान १२:१५ बजेदेखि दिउँसो ४:०० बजेसम्म

६) सहभागी संख्याः ५४, पुरुषः४३, महिलाः११

७) कार्यक्रम संयोजन

क) संयोजकः जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल, जिल्ला सरकारी वकील कार्यालय (जिसवका), बर्दिया

ख) प्रतिवेदकः जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल, जिसवका बर्दिया

ग) सहयोगीः सहायक न्यायाधिवक्ता श्री डिल्लीराज ज्ञवाली, उच्च सरकारी वकील कार्यालय, नेपालगञ्ज र जिसवका बर्दियाका कार्यालय सहयोगी सुजित श्रेष्ठ ।

## २. कार्यक्रमको उद्देश्य

१) समुदायलाई सरकारी वकीलको काम कारबाही बारे जानकारी गराउने ।

२) सरकारवादी मुद्दाको काम कारबाहीमा समुदायको भूमिकाको बारेमा सचेतना जगाउने ।

३) सरकारी वकीलको काम कारबाही र सरकारवादी मुद्दाको सम्बन्धमा समुदायले उठाएका जिज्ञाशाहरूको सम्बोधन गर्ने ।

४) लैङ्गिक हिंसाको कसूर र सजायबारे सचेतना जगाउने ।

५) मधुवन नगरपालिकामा घटेका अपराधहरु र समाधानका उपायहरु बारे छलफल गर्ने ।

६) मधुवन नगरपालिका क्षेत्रभित्र वन तथा वन्यजन्तु संरक्षण र अपराधको प्रकृतीबारे जानकारी दिने ।

## ३. कार्यक्रममा प्रस्तुत भएका विषयहरू र प्रस्तुतकर्ता

१) पहिलो कार्यपत्रः सरकारी वकीलको परिचय, सरकारवादी मुद्दाहरू र समुदायबाट गरिएको अपेक्षा, नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, बर्दिया

२) दोस्रो कार्यपत्रः लैङ्गिक हिंसाको परिचय र मुलुकी अपराध संहितामा भएको कसूर सम्बन्धी व्यवस्था, जिल्ला सरकारी वकील कार्यालय बर्दियाका जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल

३) तेस्रो कार्यपत्र: मधुवन नगरपालिकामा अपराध प्रवृत्तिको अवस्था, ईलाका प्रहरी कार्यालय ढोढरीका प्रहरी निरीक्षक श्री बखतबहादुर शाही

४) चौथो कार्यपत्र: मधुवन नगरपालिका क्षेत्र भित्र वन तथा वन्यजन्तु संरक्षण र अपराधको प्रकृती: खाता सब डिभिजन वन कार्यालय सानोश्री बर्दियाका वन अधिकृत श्री सन्तोष चौधरी

## ४. छलफलमा व्यक्त भएका विचारहरू र उठेका मुख्य मुख्य विषयहरू

कार्यक्रममा कार्यपत्र प्रस्तोताले कार्यपत्र प्रस्तुत गरेपछि सहभागीहरुबाट जिज्ञाशा राख्ने कार्य गरिएको थियो । सहभागीहरुले कार्यक्रममा व्यक्त विचारहरुलाई बुँदागत रुपमा उल्लेख गरिएको छ ।

**श्री कालुराम थारु**

**मधुवन नगर अध्यक्ष, नागरिक उन्मुक्ति पार्टी**

- सामाजिक सञ्चालमा कुनै व्यक्तिको विना अनुमति फोटो राखेमा र फोटो विना अनुमति खिचेमा के कस्तो कानुनी कारवाही हुन्छ ।

**श्री दुर्गा वली**

**अध्यक्ष, नेकपा एमाले मधुवन नगर कमिटी**

- समुदाय स्तरमा सरकारी वकील पुगेर कानूनी सचेतना जगाउने कार्यक्रम प्रभावकारी छ ।
- पालिकामा वन र विभिन्न अपराधहरुको अवस्थाका सम्बन्धमा वन अधिकृत र प्रहरी अधिकृतबाट जानकारी प्राप्त भएको छ ।
- समुदायमा कानूनी सचेतना प्रभावकारी बनाएर अपराध घटेमा कुन प्रकृतिको अपराध हो सोही प्रकृतिको अपराधका बारेमा अनुसन्धान अगाडि बढाउन तथा पीडितलाई सहयोग गर्न परामर्श दिन जरुरी हुन्छ ।
- सरकारी वकीलको जनतासँग सहज पहुँच छैन । समुदायको कार्यालयसँग सम्पर्क फराकिलो बनाउन यस्ता कार्यक्रमहरु व्यापक रुपमा गर्न जरुरी छ ।
- जबरजस्ती करणीको परिभाषा बदल्नुपर्छ । मोलमलाई गर्ने र कुरा नमिले पछि ढिलो गरी जाहेरी दिने परिपाटी रहेको छ । प्रतिशोध आधारमा फसाउने नियतले जबरजस्ती करणी मुद्दामा जाहेरी पर्दा विकृति बढिरहेको छ ।
- बर्दियाको मधुवन नगरपालिका भारतसँग खुला सिमाना जोडिएकाले लागू औषधमा ब्राउन सुगरको विगविगी छ । दुर्व्यसनीलाई सुधार गर्नका लागि स्थापना भएका सुधार गृहलाई नर्मस भित्र चलाउने वातावरण बनाउनुपर्छ । यसका लागि पालिकाबाट पनि आवश्यक सहयोग हुनुपर्छ ।

- मधुवन नगरपालिका क्षेत्रमा मानव वन्यजन्तु द्वन्द्वको कारणले पीडित पक्षले क्षतिपूर्ति प्राप्त गर्न नसकेको अवस्था छ । क्षतिपूर्ति प्राप्त गर्ने वातावरण बनाउन पहल हुन जरुरी छ ।

**दुर्गाबहादुर रिमाल**
**अध्यक्ष, मधुवन उद्योग बाणिज्य संघ**

- मानिसले कानूनी रुपमा स साना कुरा नबुझ्दा पनि दुःख पाएको अवस्था छ ।
- खुला सिमानाका कारण मधुवन नगरपालिका क्षेत्रमा ब्यापारीहरुले अवैध रुपमा सामानको चोरी निकाशी पैठारी हुँदा ब्यापारीहरुले पनि समस्या भोग्नु परेको छ । लागू औषधको समस्या विकराल छ ।
- मधुवन नगरपालकाले नगर क्षेत्रमा अपराधको न्यूनीकरण रोकथामका लागि समेत नीति तथा कार्यक्रममा विषय समेटनुपर्यो ।
- बजार क्षेत्रमा चोरीका घटना रोकथाम गर्न सिसिटिभी क्यामेरा जडान गर्नुपर्यो ।

**हरिहर चौधरी**
**अध्यक्ष, नेकपा माओवादी केन्द्र मधुवन नगर समिति**

- मधुवन नगरपालिकामा भइरहेका अपराधका घटनाहरु रोकथाम गर्न सबैको सक्रियता हुनुपर्छ ।
- युवा पुस्ता लागू औषध दुर्व्यसनको शिकार भइरहेको छ । युवा पुस्तालाई लागू औषध दुर्व्यसनबाट जोगाउने कार्यक्रमहरु सञ्चालन गर्नुपर्छ ।
- विपन्न समुदायहरु सामुदायिक वनको वनजन्य उत्पादन उपभोग गर्नबाट बञ्चित भएकाले त्यसतर्फ सम्बन्धित क्षेत्रको ध्यान जान जरुरी छ ।
- मधुवन नगरपालिकाको वडा नं १,२,३,४ र ५ मा मानव वन्यजन्तु द्वन्द्व बढि देखिएकाले त्यसको रोकथामका कार्यक्रमहरु तयार गरी सञ्चालन गर्नुपर्छ ।
- सरकारी वकील कार्यालयलाई जनताको पहुँचमा पुर्याउनुपर्छ ।
- समुदायको न्यायमा पहुँच पुर्याउने कार्यक्रमहरु सञ्चालन गर्नुपर्छ ।
- राज्यको जारी ९० प्रतिशत कानूनहरु समुदायले बुझेका छैनन ।
- परम्परागत प्रथाको रुपमा न्याय निरुपणको रुपम थारु समुदायमा प्रचलित वरघर प्रथालाई व्यवस्थित गर्न मधुवन नगरपालिकामा पनि वरघर ऐन २०७७ पारित गरेको छ । वरघरहरुको क्षमता अभिवृद्धि गरी घरेलु र सामाजिक अपराध न्यूनीकरणमा परिचालन गर्न सकिन्छ ।
- सामाजिक अपराध दिनानुदिन बढ्दै गएको अवस्थामा पालिकाको न्यायिक समितिलाई समेत कानूनी सचेतना वृद्धि गर्ने कार्यमा क्रियाशील गराउनुपर्छ ।
- सामाजिक अपराध दिनानुदिन बढ्दै गएकाले अपराध न्यूनीकरण कार्यक्रमहरु पालिका सञ्चालन गर्नुपर्छ ।

## ५. छलफलमा उठेका विषयहरूको सम्बोधन

उक्त कार्यक्रममा सहभागीहरुले छलफलमा उठाएका विषयहरूको अनुसन्धान अधिकारी र सरकारी वकीलले सम्बोधन गर्नुभएको थियो । छलफलमा उठेका विषयहरूको सम्बोधनलाई बुँदागत रूपमा उल्लेख गरिएको छ ।

**श्री बखतबहादुर शाही**

**प्रहरी निरीक्षक, ईलाका प्रहरी कार्यालय, ढोढरी ।**

- प्रहरीले समुदायमा शान्ति सुरक्षा कायम राख्नुका साथसाथै अपराध न्यूनीकरणका लागि विभिन्न सचेतनामूलक कार्यक्रम अन्तर्गत समुदाय प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गर्दै आएको छ ।
- मधुवन नगरपालिका क्षेत्रमा अपराध न्यूनीकरण र रोकथामका लागि समुदाय स्तरमा विभिन्न विषयमा सचेतनामूलक कार्यक्रम नगरपालिकाले प्रहरीसँग समन्वय गरेर गर्दा प्रभावकारी हुन्छ ।
- नगरपालिकाले वार्षिक नीति तथा कार्यक्रममा अपराधको न्यूनीकरण र रोकथामको लागि विभिन्न कार्यक्रमहरु समावेश गरी प्रहरी लगायतका सरोकारवालाहरुसँग समन्वय गरी सञ्चालन गर्दा प्रभावकारी हुन्छ ।

**नगेन्द्र लम्साल**

**जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, बर्दिया**

- बर्दियामा देखिएका लागूऔषध, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्तर्गत विभिन्न यौनजन्य अपराध र मानव बेचबिखन, जातीय छुवाछुत, सडक दुर्घटना, आत्महत्या लगायतका अपराधको रोकथाम र न्यूनीकरणका लागि नगरपालिकाले वार्षिक नीति तथा कार्यक्रममा विभिन्न कार्यक्रमहरु समावेश गरी सरोकारवाला निकायहरुको समन्वयमा कार्यक्रमहरु सञ्चालन गर्दा प्रभावकारी हुन्छ ।
- समुदायलाई सरकारी वकीलका काम कारबाही बारे जानकारी दिन र समुदायका गुनासोहरुको सम्बोधन गर्न बर्दिया जिल्लामा पालिकाहरुसँग समन्वय गरी समुदायमा सरकारी वकील कार्यक्रम सञ्चालन गरी समुदायसम्म पुग्ने काम गरिएको छ ।
- कसूरको रोकथामका लागि समुदाय स्तरमा व्यापक रुपमा परिवारको सदस्यहरुसम्म त्यसले पार्ने असर र कानूनी सजायको बारेमा जानकारी गराएमा रोकथाम कम गर्न मद्दत पुग्छ । यसका लागि सबै निकायबीच समन्वय र सहकार्य जरुरी देखिन्छ । लागू औषध दुर्व्यसनीमा फसेको व्यक्ति विस्तारै लागू औषध सेवनका लागि कारोबारतर्फ क्रियाशील हुने तथा लागू औषध खरिदका लागि चोरी र डाँका जस्ता क्रियाकलापमा समेत क्रियाशील हुने भएकाले आफ्नो घर परिवारको सदस्य, साथी र छिमेकी कसैलाई पनि यस्तो कुलतमा फस्न नदिन र

फसेकालाई लागू औषध दुर्व्यसनबाट छुटाउने कार्यमा समाजमा सबै वर्ग क्रियाशील हुन जरुरी छ ।

- यौन हिंसा अपराधको रोकथामका लागि सचेतनासँगै, प्रतिवादीलाई कानूनी कारबाही तथा पीडितको पुर्नस्थापना र न्यायमा पहुँच पुर्याउन सबै क्षेत्रका सरोकारवाला निकाय र समुदाय क्रियाशील भई प्रहरीलाई अनुसन्धानमा सहयोग गर्नुपर्छ ।
- यौनजन्य हिंसाका र घाउचोट लागेका पीडितलाई तत्काल उद्धार गरी छिटो भन्दा छिटो अस्पतालमा लिएर तोकिएको ढाँचाको फारममा यौनजन्य हिंसा र घाउचोट विवरण उल्लेख गर्न लगाई चेक जाँच गराउँदा वारदातलाई पुष्टि गर्न मद्दत पुग्छ ।
- उमेर नपुगेको १८ वर्ष मुनिको बालिकासँग सहमतीमा करणी गरे पनि जबरजस्ती करणी हुने कानूनी व्यवस्था भएकाले कसैले पनि यस्तो जघन्य कसूर गर्न हुँदैन भनी कसूर गर्दा हुने सजायका बारेमा समुदाय स्तरमा कानूनी सचेतना गराउँदा रोकथाममा मद्दत पुग्छ ।
- २० वर्ष उमेर नपुगी विवाह गर्नु कसूर भएको बारे सचेतनासँगै बालविवाहले बालबालिकाको शारिरिक र बौद्धिक क्षमतामा पार्ने असरका बारेमा परिवारका सदस्य र बालबालिकालाई यस विषयमा सचेत गराउन जरुरी छ । बालविवाह गर्ने र बालविवाह गराउने परिवारका सदस्यहरुलाई हुने कानूनी सजायको बारेमा जानकारी गराएमा पनि बालविवाहको रोकथाममा सहयोग पुग्छ ।
- बर्दिया जिल्लामा जिल्ला कानूनी सहायता समिति समेत रहेको छ । असमर्थ पक्ष र विपन्न व्यक्तिलाई कानूनी सहायता र प्रहरी, अदालत, अर्धन्यायिक निकाय, न्यायिक समिति र जिल्ला प्रशासन कार्यालयमा दिनुपर्ने निवेदनहरु तयार गर्नमा निशुल्क कानूनी सहायता प्रदान गर्छ । सम्बन्धित नगरपालिका वा गाउँपालिकाको वडा कार्यालयबाट सिफारिस पत्रसहित विपन्न र असमर्थ पक्षले सहायता मागेमा जिल्ला कानूनी सहायता समितिले रेकर्ड जनाई कानूनी सहायता उपलब्ध गराउँछ । अदालतमा मुद्दा दायर भएपछि कानून व्यवसायी राख्न नसक्ने सरकारवादी फौजदारी मुद्दाका प्रतिवादीलाई अदालतले समेत निशुल्क कानूनी सहायता प्रदान गर्न वैतनिक वकिलको व्यवस्था गरेको छ ।
- सरकारवादी मुद्दाका पीडितलाई तत्काल कानूनी परामर्शको आवश्यकता भएको जानकारी प्राप्त भएमा सरकारी वकीलबाटसमेत कानूनी परामर्श उपलब्ध गराउन सकिन्छ ।

**उमाकान्त पौडेल**

**सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, नेपालगञ्ज**

- उमेर पुगेको व्यक्तिले करणी गर्न स्वइच्छाले सहमति दिएको अवस्थामा बाहेक मञ्जुरी बेगर करणी गरिएमा जबरजस्ती करणी हुन्छ ।

- कसैको अनुमति बिना कुनै व्यक्तिको तस्बीर खिच्न वा तस्बिरको स्वरुप बिगार्ने कार्य गरेमा मुलुकी अपराध संहिता २०७४ को दफा २९५ मा कानूनी उपचार सम्बन्धी व्यवस्था रहेको छ । यसैगरी अनुमति बिना एकको तस्बीर अरुलाई दिन वा बिक्री गर्ने कार्य गरेमा मुलुकी अपराध संहिता २०७४ को दफा २९६ बमोजिम कानूनी कारबाहीको व्यवस्था रहेको छ । यी मुद्दाहरुमा व्यक्ति आफै दुनियावादी फौजदारी मुद्दाको रुपमा उपचारको लागि फिराद पत्रको रुपमा अदालत जानुपर्छ ।

## ६. कार्यक्रमका वक्ताहरुको मन्तब्य

**श्री कमलप्रसाद पाण्डे**
**अध्यक्ष, बर्दिया जिल्ला अदालत बार एशोसिएशन**

- कानूनको अज्ञानता क्षम्य हुँदैन । तर तितो सत्य के छ भने समुदाय कानूनी रुपमा सचेत छैन ।
- विद्यालयस्तरदेखि नै कानूनी सचेतना सम्बन्धी जानकारी गराउन जरुरी छ । समुदायका मानिसहरु कानूनी रुपमा सचेत हुन जरुरी छ ।
- लागू औषध दुर्व्यसन र आत्महत्या जटिल समस्याको रुपमा बढ्दै गएकोले यसको न्यूनिकरणका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नुका साथै मनोसामाजिक परामर्श दिने व्यवस्था हुन जरुरी छ ।
- बर्दिया जिल्लामा लागू औषध, यौन हिंसा अन्तर्गत जबरजस्ती करणी र बालयौन दुर्व्यवहार जस्ता मुद्दाहरुको वृद्धिले अपराधको प्रबृत्ति बढ्दै गएको अवस्थामा अपराधको न्यूनीकरण र सचेतना सम्बन्धी कार्यक्रमहरु स्थानीय तहबाट पनि हुन जरुरी छ । यसैगरी सम्बन्ध विच्छेदका मुद्दाहरुको संख्याको बृद्धिले पारिवारिक संरचनामा समेत विग्रह आइरहेकोले सम्बन्ध विच्छेद हुनुका कारणहरु पहिल्याई यसको रोकथाम बारेमा समुदायलाई सचेत गराउन जरुरी छ ।

**श्री मानबहादुर गिरी**
**प्रमुख प्रशासकीय अधिकृत, मधुवन नगरपालिका**

- विद्यालय स्तरको पाठ्यक्रमदेखि कानूनी सचेतना सम्बन्धी विषय राख्न जरुरी छ।
- व्यक्तिले जानेर नजानेर कानूनको उल्लंघन गर्ने कार्य गरिरहेको हुन्छ ।
- कानूनको बारेमा समुदाय र व्यक्तिलाई सचेत गराउन कानूनी सचेतना सम्बन्धी कार्यक्रमको महत्वपूर्ण भूमिका हुन्छ ।
- अपराध न्यूनीकरण गर्ने विषय तथा समुदायलाई कानूनी रुपमा सचेत गराउने विषयहरु नगरपालिकाको नीति, कार्यक्रम र बजेटबाट सम्बोधन गर्ने कार्य गरिने छ ।

**श्री गणेश क्षेत्री**

**पूर्व प्रमुख, मधुवन नगरपालिका**

- कानून नबुझेर जानकारी नभएर पनि अपराध हुने भएकाले कानूनी सचेतना कार्यक्रम समुदाय स्तरसम्म हुन जरुरी छ।
- कानूनलाई सहजिकरण गरी गाउँ समुदाय स्तरमा कानूनी साक्षरता प्रभावकारी रुपमा गरिएमा अपराध न्यूनिकरणमा महत्वपूर्ण भूमिका हुन्छ ।
- विभिन्न क्षेत्रमा हुने लैङ्गिक हिंसा लगायत अपराधको न्यूनिकरण र रोकथामका लागि समुदायले कानूनको बारेमा जानकारी प्राप्त गर्नु महत्वपूर्ण हुन्छ ।

**श्री तेजबहादुर भाट**

**प्रमुख, मधुवन नगरपालिका**

- समुदायलाई कानूनी रुपमा सचेत गराउन तथा अपराधको न्यूनीकरणका लागि कानूनी सचेतना सम्बन्धी कार्यक्रमहरुको भूमिका महत्वपूर्ण हुन्छ ।
- आत्महत्या, लागू औषध, मानव वन्यजन्तु द्वन्द्व रोकथाम, सवारी दुर्घटना, बाल विवाह, लैङ्गिक हिंसा र चोरी निकासी लगायतका अपराधको न्यूनीकरण र रोकथामका विषयहरु नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी बजेट विनियोजन कार्य गरिने छ ।
- समुदायलाई कानूनी रुपमा सचेत गराउने कार्यमा सरोकारवाला निकायसँग समन्वय गरेर नगरपालिका क्रियाशील रहने छ ।

उच्च सरकारी वकील कार्यालय नेपालगञ्जका सहन्यायाधिवक्ता श्री उमाकान्त पौडेलले कार्यक्रमको समापन गर्दै व्यक्त गर्नुभएको भनाईहरुलाई बुँदागत रुपमा उल्लेख गरिएको छ।

**उमाकान्त पौडेल**

**सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, नेपालगञ्ज**

- अपराध बढ्दा शान्ति सुरक्षा र विकास कार्यलाई समेत असर पुर्याउँछ । यसका लागि अपराधको न्यूनीकरणका लागि सबै क्षेत्र र समुदाय क्रियाशील हुनुपर्छ ।
- समुदायको न्यायमा पहुँच गराउन तथा कानूनी रुपमा सचेत गराउन कानूनी सचेतना सम्बन्धी कार्यक्रमहरुको भूमिका महत्वपूर्ण हुन्छ ।
- अपराध न्यूनीकरण र रोकथामका लागि स्थानीय तहको भूमिका महत्वपूर्ण हुने भएकाले यस सम्बन्धी विषय स्थानीय तहले नीति तथा कार्यक्रममा समावेश गरी बजेट तर्जुमा समेत हुन जरुरी छ ।

- समुदायको सरकारी वकीलको काम कारबाहीबारे धारणा बुझ्न स्थानीय तहको समन्वय र सहयोगमा सरकारी वकील कार्यालयहरुबाट कानूनी सचेतना सम्बन्धी समुदायमा सरकारी वकील कार्यक्रम सञ्चालन भइरहेको छ ।

उक्त कार्यक्रमको सञ्चालन उच्च सरकारी वकील कार्यालय नेपालगञ्जका सहायक न्यायाधिवक्ता श्री डिल्लीराज ज्ञवालीले गर्नुभएको थियो ।

## ७. कार्यक्रमबाट हासिल मुख्य उपलब्धिहरू

- सरकारी वकीलको काम कारबाही बारे सहभागीलाई जानकारी भई सरकारी वकीलको कामको पहिचानमा वृद्धि भएको छ ।
- सरकारवादी मुद्दाको अनुसन्धान र अभियोजनको प्रकृयाको बारेमा सहभागीलाई जानकारी भएको छ ।
- सरकारी वकीलको काम कारबाहीको उत्तरदायित्व र पारदर्शीताको सम्बन्धमा सहभागीले राखेको जिज्ञाशा र त्यसको सम्बोधनले मद्दत गरेको छ ।
- अपराधको न्यूनीकरण एवम् कानूनको न्यायप्रणालीप्रति विश्वासको भावना वृद्धि भएको छ ।
- सरकारवादी मुद्दाको अनुसन्धानमा समुदायको सहयोगले फौजदारी न्याय प्रशासन सबल बनाउन र पीडितलाई न्याय र कसूरदारलाई सजाय दिलाउन महत्वपूर्ण भूमिका हुने भनी सहभागीमा सचेतना वृद्धि भएको छ ।
- अपराध न्यूनीकरण र रोकथामका लागि स्थानीय तहको भूमिका बारेमा छलफल भएको छ ।
- लैङ्गिक हिंसाको कसूर र सजायबारे सचेतना जगाउने कार्य भएको छ ।
- अपराध न्यूनीकरणका विषयहरु स्थानीय तहको वार्षिक नीति तथा कार्यक्रममा समेट्नुपर्ने विषयहरु बारे स्थानीय तहको ध्यानाकर्षण गराउने कार्य भएको छ ।

## ८. कार्यक्रम आयोजनामा आइपरेका समस्या/चुनौतीहरू

मधुवन नगरपालिकाको सहयोग र समन्वयमा कार्यक्रम सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको थियो । कार्यक्रम आयोजना र सञ्चालनमा कुनै समस्या र चुनौतीको सामना आयोजकले गर्नु परेन ।

## ९. आगामी कार्यक्रमका लागि सुझाव

- समुदायमा सरकारी वकील कार्यक्रमलाई अभियानको रूपमा समुदायका हरेक क्षेत्र, वर्ग र जिल्लाका विभिन्न स्थानमा कार्यक्रम आयोजना गर्दा सरकारी वकीलको पहिचान वृद्धि हुनुका साथै अपराधको रोकथाम र अपराधको अनुसन्धानमा समुदायको सहयोगमा वृद्धि हुने देखिन्छ ।

**अनुसूचीहरू**

**क) कार्यक्रम तालिका**

**"समुदायमा सरकारी वकील कार्यक्रम" कानूनी सचेतना सम्बन्धी अन्तरक्रिया कार्यक्रम**

मितिः २०८१।१।१४ गते समयः दिउँसो १२:१५ बजेदेखि दिउँसो ४:०० बजेसम्म

कार्यक्रम स्थानः मधुवन नगरपालिकाको सभाहल, बर्दिया ।

कार्यक्रम व्यवस्थापन र समन्वयः मधुवन नगरपालिका ।

आयोजकः उच्च सरकारी वकील कार्यालय नेपालगञ्ज र

जिल्ला सरकारी वकील कार्यालय, बर्दिया ।

कार्यक्रम सञ्चालकः सहायक न्यायाधिवक्ता श्री डिल्लीराज ज्ञवाली, उच्च सरकारी वकील कार्यालय नेपालगञ्ज

| | |
|---|---|
| १२:१५-१२:३० | उपस्थिति |
| १२:३०-१२:४५ | कार्यक्रम अध्यक्षताः उच्च सरकारी वकील कार्यालय नेपालगञ्जका सहन्यायाधिवक्ता श्री उमाकान्त पौडेलज्यू<br>प्रमुख अतिथिः मधुवन नगरपालिकाका प्रमुख श्री तेजबहादुर भाटज्यू<br>विशेष अतिथिः मधुवन नगरपालिकाका उप प्रमुख श्री अनिता चौधरीज्यू<br>मधुवन नगरपालिकाका पूर्व प्रमुख गणेश क्षेत्रीज्यू<br>अतिथिहरुः जिल्ला सरकारी वकील कार्यालय बर्दियाका जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्सालज्यू<br>मधुवन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री मानबहादुर गिरीज्यू<br>बर्दिया जिल्ला अदालत बार एशोसिएशनका अध्यक्ष श्री कमलप्रसाद पाण्डेज्यू<br>खाता सब डिभिजन वन कार्यालय सानोश्री बर्दियाका वन अधिकृत श्री सन्तोष चौधरीज्यू<br>ईलाका प्रहरी कार्यालय ढोढरीका प्रहरी निरीक्षक श्री बखतबहादुर शाहीज्यू<br>कार्यक्रममा उपस्थिति मधुवन नगरपालिकाका जनप्रतिनिधिज्यूहरु, कर्मचारीज्यूहरु एवं कार्यक्रममा उपस्थित महानुभावहरु । |
| | राष्ट्रिय गान |
| १२:४५-१:०५ | कार्यपत्र प्रस्तुती<br>१) सरकारी वकीलको परिचय, सरकारवादी मुद्दाहरू र समुदायबाट गरिएको अपेक्षा, जिल्ला सरकारी वकील कार्यालय बर्दियाका जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल |

| | |
|---|---|
| १:०५-१:३५ | २) लैङ्गिक हिंसाको परिचय र मुलुकी अपराध संहितामा भएको कसूर सम्बन्धी व्यवस्था, जिल्ला सरकारी वकील कार्यालय बर्दियाका जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल |
| १:३५-१:५५ | ३) मधुवन नगरपालिकामा अपराध प्रवृत्तिको अवस्था, ईलाका प्रहरी कार्यालय ढोढरीका प्रहरी निरीक्षक श्री बखतबहादुर शाही |
| १:५५-२:१० | ४) मधुवन नगरपालिका क्षेत्र भित्र वन तथा वन्यजन्तु संरक्षण र अपराधको प्रकृती: खाता सब डिभिजन वन कार्यालय सानोश्री बर्दियाका वन अधिकृत श्री सन्तोष चौधरी |
| २:१०-३:३० | खुला छलफल र जिज्ञाशाको सम्बोधन<br>अनुसन्धान अधिकारी, सरकारी वकील र कानून व्यवसायीबाट । |
| ३:३०-४:०० | मन्तव्य<br>बर्दिया जिल्ला अदालत बार एशोसिएशनका अध्यक्ष श्री कमलप्रसाद पाण्डेज्यू<br>मधुवन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री मानबहादुर गिरीज्यू<br>कार्यक्रमका विशेष अतिथि मधुवन नगरपालिकाका पूर्व प्रमुख गणेश क्षेत्रीज्यू<br>कार्यक्रमका प्रमुख अतिथि: मधुवन नगरपालिकाका प्रमुख श्री तेजबहादुर भाटज्यू<br>कार्यक्रम समापन: उच्च सरकारी वकील कार्यालय नेपालगञ्जका सहन्यायाधिवक्ता श्री उमाकान्त पौडेलज्यू |

## ख) कार्यक्रमका सहभागीहरूको नामावली

| क्र.सं. | नाम | पद/कार्यालय | टेलिफोन नं/ईमेल |
|---|---|---|---|
| १ | उमाकान्त पौडेल | सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, नेपालगञ्ज | ९८४८०३२२८४ |
| २ | तेजबहादुर भाट | प्रमुख, मधुवन नगरपालिका | ९८५८०२११३५ |
| ३ | अनिता चौधरी | उपप्रमुख, मधुवन नगरपालिका | ९८५८०३७९७९ |
| ४ | गणेश क्षेत्री | पूर्व प्रमुख, मधुवन नगरपालिका | ९८४८०९२५५५ |
| ५ | लक्ष्मीप्रसाद शर्मा 'आकाश' | सचिव, नेकपा माओवादी केन्द्र, बर्दिया | ९८५८०२५८९८ |
| ६ | नगेन्द्र लम्साल | जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय बर्दिया | ९८४१४४०७८१ nagendralamsal@gmail.com |
| ७ | मानबहादुर गिरी | प्रमुख प्रशासकीय अधिकृत, मधुवन नगरपालिका | ९८५८०८१८५२ |
| ८ | कमलप्रसाद पाण्डे | अध्यक्ष, बर्दिया जिल्ला अदालत बार एशोसिएसन | ९८५८०२५१३३ |
| ९ | सन्तोष चौधरी | वन अधिकृत, खाता सब डिभिजन वन कार्यालय | ९८५११५९६०७ |
| १० | बखतबहादुर शाही | प्रहरी निरीक्षक, ईलाका प्रहरी कार्यालय, ढोढरी | ९८५८०९०५२९ |
| ११ | डिल्लीराज ज्ञवाली | सहायक न्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, नेपालगञ्ज | ९८४८०२७४५९ |
| १२ | दुर्गा वली | अध्यक्ष, नेकपा एमाले नगर कमिटी मधुवन नगरपालिका | ९८४८०८२०३१ |
| १३ | ताराकुमारी आचार्य | कार्यपालिका सदस्य, मधुवन नगरपालिका | ९८४८०८२०३१ |
| १४ | कृष्ण परियार | कार्यपालिका सदस्य, मधुवन नगरपालिका | ९८०४५५६९८३ |
| १५ | दुखराम थारु | वरघर, मधुवन नगरपालिका वडा नं ७ | |
| १६ | जगतराम चौधरी | मधुवन नगरपालिका, ३ नं वडा कार्यालय, वडा सचिव | ९८४४८८०२३० |
| १७ | दुर्गाबहादुर रिमाल | अध्यक्ष, मधुवन उद्योग बाणिज्य संघ | ९८४८०८२५८२ |

| | | | |
|---|---|---|---|
| १८ | लोकबहादुर शाह | राप्रपा क्षे. अध्यक्ष | ९८६८०५३२३७ |
| १९ | सुभद्रा थारु | | ९८६८१०७७०४ |
| २० | पाले कामी | मधुवन नगरपालिका कार्यपालिका सदस्य | ९८४४९६३९३५ |
| २१ | घारा थारु | वरघर मधुवन नगरपालिका वडा नं ९ | ९८२६५७६१६५ |
| २२ | रेशम बुढा | न्यायिक समिति सदस्य, मधुवन नगरपालिका | ९८४८१०२८७१ |
| २३ | टिकाराम शर्मा | मेलमिलाप सयोजक, मधुवन नगरपालिका, वडा नं ७ बर्दिया | ९८४८१४५६२७ |
| २४ | सुन्दररानी चौधरी | मेलमिलाप संयोजक, मधुवन नगरपालिका वडा नं २ | ९८६८१४१९४७ |
| २५ | शमशेरबहादुर नेपाली | कार्यपालिका सदस्य, मधुवन नगरपालिका वडा नं ७, बर्दिया | ९८४८१४५६२७ |
| २६ | सन्तोषि कुमारी सुनार | वडा सदस्य, मधुवन नगरपालिका वडा नं ७ | ९८१२४५२७४० |
| २७ | चित्रा तिवारी पराजुली | वडा सचिव, मधुवन नगरपालिका, वडा नं ४ | ९८४८४०४२२१ |
| २८ | लोककुमारी लामिछाने | वडा सचिव, मधुवन नगरपालिका, वडा नं ९ | ९८५८०४५००२ |
| २९ | अन्जु पौडेल | वडा सचिव, मधुवन नगरपालिका ८ नं वडा कार्यालय | ९८४८२३९००० |
| ३० | कल्याणकुमार तिमिल्सेना | वडा सचिव, मधुवन नगरपालिका वडा नं ५ | ९८४८०१४०३० kktimilsena@gmail.com |
| ३१ | दिलिप गुरुङ | अध्यक्ष, मधुवन नगरपालिका वडा नं ५ | ९८५८०८७२९२ |
| ३२ | रत्न रिजाल | प्र.ज., मधुवन १ | ९८६८१५१८०० |
| ३३ | जयराम थारु | मधुवन नगर वरघर सचिव, मधुवन ६ | ९८०४५५६४७५ |
| ३४ | सर्जुप्रसाद थारु | वरघर, मधुवन २ | ९८२४५१८१८० |
| ३५ | चन्द्र सिंह गुरुङ्ग | वडा अध्यक्ष, मधुवन नगरपालिका वडा नं ६ | ९८४००२२६८९ |
| ३६ | आशाराम थारु | वडा अध्यक्ष, मधुवन नगरपालिका, वडा नं २ | ९८४८१०११७१ |
| ३७ | नारायण मल्ल | वडा अध्यक्ष, मधुवन नगरपालिका वडा | ९८४८०८४९३४ |

| | | | |
|---|---|---|---|
| | | नं ३ | |
| ३८ | पशुपति श्रेष्ठ | मेलमिलाप संयोजक, मधुवन नगरपालिका वडा नं ४ | ९८१९५८४२९१ |
| ३९ | बलिराम चौधरी | वडा अध्यक्ष, मधुवन नगरपालिका, वडा नं ४ | ९८४८१४५०६८ |
| ४० | हर्कबहादुर बस्नेत | वडा अध्यक्ष, मधुवन नगरपालिका वडा नं ९ | ९८५८०३४२२४ |
| ४१ | सिता सुनार | कार्यपालिका सदस्य, मधुवन नगरपालिका, वडा नं ४ | ९८२५५४०७११ |
| ४२ | बिर्मा चौधरी | कार्यपालिका सदस्य, मधुवन नगरपालिका, वडा नं ६ | ९८१२५१२३६० |
| ४३ | मेकबहादुर गुरुङ | अध्यक्ष, मधुवन नगरपालिका, वडा नं ८ | ९८४८०२३६६८ |
| ४४ | इन्द्रा चुनारा | सहायक पाँचौ, शाखा प्रमुख, मधुवन नगरपालिका, महिला शाखा | ९८४८८९३५३६ |
| ४५ | हरिहर चौधरी | अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) मधुवन नगरपालिका | ९८६४९०८२३९ |
| ४६ | दलबहादुर बोहरा | कृषि, मधुवन ६ | ९८६९९७०६०७ |
| ४७ | रतनबहादुर मल्ल | प्रहरी हवल्दार, ईलाका प्रहरी कार्यालय ढोढरी | ९८४८१४६४७० |
| ४८ | शैलेशकुमार यादव | प्रहरी जवान, ईलाका प्रहरी कार्यालय, ढोढरी | ९८५८०९२२६९ |
| ४९ | दलबहादुर खत्री | हलुका सवारी चालक, उच्च सरकारी वकील कार्यालय, नेपालगञ्ज | ९८४८०३६८८९ |
| ५० | सुजित श्रेष्ठ | कार्यालय सहयोगी, जिसवका बर्दिया | ९८६६६४२०११ |
| ५१ | मिनबहादुर थापा | अध्यक्ष, मधुवन नगरपालिका, वडा नं १ | ९८५८०९२९९९ |
| ५२ | महाप्रसाद पौडेल | वडा सचिव, वडा नं ६, मधुवन नगरपालिका | ९८४८०८२६२३ |
| ५३ | आनन्दलाल सुनार | वडा सचिव, वडा नं २, मधुवन नगरपालिका २ नं वडा कार्यालय | ९८५८०२१२३२ |
| ५४ | कालुराम थारु | नागरिक उन्मुक्ति पार्टी, नगर अध्यक्ष, मधुवन नगरपालिका, मधुवन २ | ९८०४५००८०३ |


ग) कार्यक्रमको तस्विर



मिति २०८१।१।१४ गतेको समुदायमा सरकारी वकील कार्यक्रमका सहभागीहरु ।




कार्यक्रममा सरकारी वकीलको काम कारबाही बारे जानकारी दिदै जिल्ला सरकारी वकील कार्यालय बर्दियाका जिल्ला न्यायाधिवक्ता नगेन्द्र लम्साल




कार्यक्रमबारे मन्तव्य राख्दै कार्यक्रमका प्रमुख अतिथि मधुवन नगरपालिकाका प्रमुख तेजबहादुर भाट




कार्यक्रम बारे जानकारी गराउँदै उच्च सरकारी वकील कार्यालय नेपालगञ्जका सहन्यायाधिवक्ता उमाकान्त पौडेल

## घ) कार्यक्रममा प्रस्तुत भएका कार्यपत्रहरू

### पहिलो कार्यपत्र

### १ सरकारी वकीलको परिचय, सरकारवादी मुद्दाहरू र समुदायबाट गरिएको अपेक्षा

नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता,
जिल्ला सरकारी वकील कार्यालय, बर्दिया
२०८१ बैशाख १४ गते

**सरकारी वकीलको परिचयः**

**सरकारी वकील को हुन् :**

- फौजदारी न्याय प्रशासनका तीन प्रमुख कार्य अनुसन्धान, अभियोजन र न्यायिक निर्णय मध्ये महान्यायाधिवक्ताको कार्यालय र यस अन्तर्गतका सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूलाई राज्यको तर्फबाट अभियोजनकर्ताको जिम्मेवारी दिइएको छ ।
- राज्यको कानूनको रक्षक र सरकारको कानूनी सल्लाहकार सरकारी वकील हो ।
- सरकारवादी मुद्दाहरूमा र सरकारलाई विपक्षी बनाई दायर भएका रिट/मुद्दाहरूमा राज्यको तर्फबाट अदालत/न्यायिक निकायमा प्रतिनिधित्व गर्दै वहस पैरवी र प्रतिरक्षा गर्ने र सरकावादी मुद्दाहरूको अभियोजन गर्ने कानूनी अधिकार प्राप्त व्यक्तिलाई सरकारी वकील भनिन्छ ।
- सरकारी वकील कानूनको ज्ञाता र विशेषज्ञ हुन्छन् ।
- मानव अधिकारको रक्षक ।
- फौजदारी न्याय प्रशासनको सुधारको संवाहक र समन्वयकर्ता ।
- कानूनको शासनको संरक्षक तथा प्रचलनकर्ता ।
- निशुल्क पीडित पक्षको प्रतिनिधित्व गर्छन् ।
- पीडितलाई न्याय र कसूरदारलाई सजाय दिलाउन न्यायका लागि वोल्ने सहजकर्ता र पीडितलाई अदालतबाट अन्तिम फैसला भएपछि क्षतिपूर्ति दिलाउन समन्वय गर्ने भएकाले सरकारी वकील जनताका वकील हुन् ।

**सरकारी वकीलका कामहरूः**

सरकारी वकीलको काम सरकार वादी हुने देवानी मुद्दा र सरकारवादी हुने फौजदारी मुद्दासँग मात्र सम्वन्धित हुन्छ । उक्त मुद्दाहरुमा सरकारी वकीलले निम्न कार्यहरू गर्छः

- नेपालको संविधानले संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तामा निहित राखेको छ । धारा १५८ (२)

- महान्यायाधिवक्ताबाट अभियोजन सम्बन्धी आफूमा निहित अधिकार मातहत सरकारी वकीललाई तोकिएको शर्तको अधिनमा रही प्रयोग र पालना गर्न सक्ने गरी प्रत्यायोजन गरिएको हुन्छ ।
- नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकीलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिनेछ भनी उल्लेख छ । धारा १५८ (२)
- नेपालको संविधानमा भएको व्यवस्था, महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार र अन्य कानूनहरूमा भएको व्यवस्था अनुसार सरकारी वकीलले सरकारवादी मुद्दाको साथै सरकारलाई सरोकार पर्ने मुद्दा र सरकारलाई विपक्षी बनाई दायर भएका मुद्दा मामिला र रिट क्षेत्रमा समेत अभियोजन, वहस पैरवी, प्रतिरक्षा गर्ने र सरकारी निकायहरूलाई कानूनी राय प्रदान गर्ने र हिरासतमा रहेका व्यक्तीलाई मानवोचित व्यवहार नगरेको, आफन्त वा कानून व्यवसायीलाई भेटघाट गर्न नदिएको भन्ने जानकारी वा उजुरी परेमा हिरासत अनुगमन गर्ने र छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई निर्देशन दिने काम सरकारी वकीलले गर्छन् ।
- कसूरको प्रभावकारी अनुसन्धानका आधारमा दोषी देखिएका व्यक्ति उपर नेपाल सरकारको तर्फबाट अभियोजन गर्ने र पीडितलाई न्याय उपलब्ध गराउन पिडितको तर्फबाट बहस पैरवी/प्रतिरक्षा गर्ने काम सरकारी वकीलबाट हुन्छ ।
- कसूरको अनुसन्धान गर्ने अधिकारीहरू (प्रहरी अधिकृत, वन कर्मचारी, राष्ट्रिय निकुञ्जका कर्मचारी, औषधी निरिक्षक, खाद्य निरिक्षक, प्रमुख जिल्ला अधिकारी वा अधिकृत आदि) लाई कसूरको अनुसन्धान गर्दा निर्देशन दिने ।
- कसूरको अनुसन्धान गरे पछि प्रमाणको आधारमा को उपर मुद्दा चल्ने, को उपर मुद्दा नचल्ने, मुद्दा चल्ने भए कुन कसूरमा कुन सजायको मागदावी लिएर मुद्दा चलाउने भन्ने कुराको निर्णय गर्ने ।
- मुद्दा चलाउने निर्णय भएमा अभियोग पत्र तयार गरी अदालत/न्यायिक निकायमा प्रमाण सहित मुद्दा पेश गर्ने ।
- मुद्दामा सरकारको तर्फबाट बहस पैरवी गर्ने, साक्षीहरुको वकपत्र गराउने, जिरह गर्ने, पछि प्राप्त भएका प्रमाणहरु अदालतमा पेश गर्ने ।
- अदालत/न्यायिक निकायले गरेको फैसला वा आदेशमा चित्त नबुझेमा माथिल्लो अदालतमा पुनरावेदन गर्ने वा निवेदन दिने ।
- नेपाल सरकारका कार्यालयहरुले माग गरेको कानूनी प्रश्नमा कानूनी राय प्रदान गर्ने ।
- नेपाल सरकारको हक हित सरोकार रहेको मुद्दामा बहस पैरवी प्रतिरक्षा गर्ने तथा साक्षीको वकपत्र गराउने ।

- सरकारी निकाय वा पदाधिकारी विरुद्धका मुद्दामा सरकारी निकाय वा पदाधिकारीको प्रतिरक्षा गर्ने ।
- हिंसा वा अपराध पीडित, जाहेरवाला वा साक्षीका साथै हिरासतमा रहेका व्यक्तिहरूको मानवअधिकारको संरक्षण गर्ने ।

**नेपालमा सरकारी वकील कार्यालयको सांगठनिक संरचनाः**

१) महान्यायाधिवक्ताको कार्यालय (१ वटा)

२) उच्च सरकारी वकील कार्यालयहरू (१८ वटा)

३) विशेष सरकारी वकील कार्यालय (१ वटा काठमाडौंमा रहेको )

४) जिल्ला सरकारी वकील कार्यालयहरू (७७ वटा)

**नेपालमा सरकारी वकीलका पदहरूः**

- **महान्यायाधिवक्ताः** प्रधानमन्त्री सिफारिसमा राष्ट्रपतिबाट नियुक्त हुने संवैधानिक व्यवस्था नेपालको संविधानको धारा १५७ (२) मा रहेको छ । धारा १५८ (१) मा नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार हुनेछ भनी उल्लेख भएको । धारा १५८ (२) मा यस संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुनेछ भन्ने संवैधानिक व्यवस्था रहेको छ । महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार सम्बन्धी विस्तृतमा नेपालको संविधानको धारा १५८ मा उल्लेख रहेको छ ।
- **नायव महान्यायाधिवक्ताः** नेपाल न्याय सेवाको राजपत्रांकित विशिष्ट श्रेणी (सचिव स्तर) को सरकारी वकील ।
- **सहन्यायाधिवक्ताः** नेपाल न्याय सेवा, सरकारी वकील समूहको राजपत्रांकित प्रथम श्रेणी (सहसचिव स्तर) को सरकारी वकील ।
- **उपन्यायाधिवक्ता/जिल्ला न्यायाधिवक्ताः** नेपाल न्याय सेवा, सरकारी वकील समूहको राजपत्रांकित द्वितिय श्रेणी (उप सचिव) स्तरको सरकारी वकील ।
- **सहायक जिल्ला न्यायाधिवक्ता/सहायक न्यायाधिवक्ताः** नेपाल न्याय सेवा, सरकारी वकील समूहको राजपत्रांकित तृतीय श्रेणी (शाखा अधिकृत) सरहको सरकारी वकील ।

**सरकारवादी मुद्दाहरूः**

**(क) देवानी मुद्दाहरुः–** सरकारी र सार्वजनिक सम्पत्ति सम्वन्धी मुद्दाहरु र नेपाल सरकारको हक हित सरोकार सम्वन्धी देवानी मुद्दाहरु सरकारवादी हुन्छ ।

**(ख) फौजदारी मुद्दाः–** दुनियावादी फौजदारी हुने केही अपवादलाई छाडेर प्राय सबैजसो मुद्दाहरु सरकारवादी हुन्छन् । यसलाई यसरी वर्गिकरण गर्न सकिन्छ ।

**जीउ ज्यान सम्बन्धित कसूरः–** ज्यान सम्बन्धि कसूर, ज्यान मार्ने उद्योग, अंगभंग, तेजाब खनाई कुरुप पारेको, गर्भपतन, गैरकानूनी थुना, व्यक्ति वेपत्ता पार्ने, अपहरण तथा शरिर बन्धक, इलाज (उपचार) सम्वन्धी कसूर, मानव बेचबिखन सम्बन्धी कसूर ।

**राष्ट्र र समाज विरुद्धका कसूरः–** राज्य विरुद्धका कसूर, सार्वजनिक शान्ति भंग गर्ने कसूर, अपराधका प्रमाणहरु नष्ट गर्ने, प्रमाण संकलनमा बाधा पुर्याउने कसूर, सार्वजनिक स्वास्थ्य, सुरक्षा, सुविधा, नैतिकता विरुद्धका कसूरहरु, हातहतियार र विष्फोटक पदार्थ सम्बन्धी कसूर, राष्ट्रिय वा सार्वजनिक सम्पत्ति बिरुद्धको कसूर, धर्म सम्बन्धी कसूर, लागूऔषध, वन सम्वन्धी कसूर, नक्कली नोट, नक्कली टिकट सम्बन्धी कसूर, भ्रष्टाचार सम्बन्धी कसूर ।

**समाजका कमजोर वर्ग उपर भेदभाव सम्बन्धी कसूरः–** गम्भीर घरेलु हिंसा, बोक्सीको आरोप, छुवाछुत सम्वन्धी कसूर ।

**यौनजन्य कसूरः–** वालविवाह, बहुविवाह, जबरजस्ती करणी/उद्योग, बाल यौन दुरुपयोग ।

**सम्पत्ति सम्वन्धी कसुरः–** चोरी, डाँका, ठगी, आपराधिक विश्वासघात, सार्वजनिक लिखत किर्ते सम्बन्धी, नाप तौल सम्बन्धी कसूर, आपराधिक उपद्रव सम्बन्धी कसूर ।

**सरकारवादी फौजदारी मुद्दाको कारबाही प्रकृयामा सरकारी वकीलको प्रतिनिधित्वः**

- अनुसन्धान (निर्देशन दिने)
- अभियोजन (मुद्दा चल्ने नचल्ने निर्णय गर्ने र अभियोग पत्र दायर गर्ने)
- अदालती/न्यायिक कारबाहीमा प्रतिनिधित्व (साक्षी बकपत्र, वहस पैरवी र प्रतिरक्षा, निवेदन, पुनरावेदन, मुद्दा दोहोर्याई हेरी पाउने निवेदन सम्बन्धि काम)

**सरकारवादी फौजदारी मुद्दामा सरोकारवाला निकायहरूः**

- प्रहरी र अन्य अनुसन्धान गर्ने निकायका अनुसन्धान अधिकारी र कर्मचारीहरू
- सरकारी वकील
- निजी कानून व्यवसायी (नेपाल बार)
- अदालत/अर्धन्यायिक निकाय
- फरेन्सिक विज्ञ/चिकित्सक, समुदाय/नागरिक समाज (विभिन्न प्रकारका अपराधको न्याय निरूपणमा सम्बन्धित विज्ञहरू)
- स्थानीय तह
- अन्य विभिन्न सरकारी निकाय/संघ संस्था (अस्पताल, पुर्नस्थापना केन्द्र आदि)

**समुदायबाट सरकारी वकीलले राखेको अपक्षाः**

- कसूरको सूचना नजिकको प्रहरी कार्यालयमा वा नजिकको सम्बन्धित अनुसन्धान गर्ने कार्यालयमा थाहा पाउने वित्तिकै छिटो उपलब्ध गराउने ।

- कसूर गर्ने व्यक्तिलाई पक्राउ गर्न वा नियन्त्रण गर्न सहयोग गर्ने ।
- कसूरको अनुसन्धानको क्रममा आफूले देखेको र थाहा पाएको साँचो कुराको जानकारी अनुसन्धान अधिकारी, सरकारी वकील र अदालत/न्यायिक निकायमा बयान र वकपत्रमा जानकारी गराउने ।
- कसूरको अनुसन्धानको क्रममा तयार गरिने विभिन्न लिखतहरूमा रोहवरमा र साक्षी बस्ने र घटना विवरण कागज गर्ने ।
- अपराध पीडितलाई तत्काल उद्धार, उपचार, राहत र पुर्नस्थापना गर्न सहयोग गर्ने ।
- मुद्दाको साक्षीको रूपमा रहेका व्यक्तिले अदालत/न्यायिक निकायमा तोकिएको दिनमा समयमा आई आफूले देखेको, जानेको र थाहा पाएको कुरा जानकारी गराई वकपत्र गर्ने ।
- अदालत/न्यायिक निकायबाट भएको फैसला कार्यान्वयनमा सहयोग गर्ने ।
- अनुसन्धान, अभियोजन र न्याय निरोपणका क्रममा अनुसन्धान अधिकारी, अभियोजनकर्ता र न्याय निरोपण गर्ने अधिकारी र न्यायधीशलाई अनुचित रूपमा आस, त्रास, दबाव र प्रभावमा पार्ने प्रयत्न नगर्ने ।

**समुदायले थाहा जानकारी पाइराखु पर्ने कुराहरू:**

- कसैले पनि कानून उल्लंघन गरेर कुनै कानूनी व्यवस्थाको जानकारी थिएन वा जानेको थिइन भन्न पाउँदैन ।
- कसैलाई पनि कुनै प्रकारको भेदभाव वा छुवाछुत गर्न पाईंदैन ।
- दश वर्ष भन्दा कम उमेरका बालबालिकालाई कुनै अपराधमा सजाय हुँदैन । मुद्दा लाग्दैन ।
- बालबालिकालाई सिकाएर कुनै अपराध गर्न लगाएमा वा त्यसरी अपराध भएमा सिकाउने वा अपराध गर्न लगाउनेलाई पनि सजाय हुन्छ ।
- कसैलाई पनि कानून बमोजिम बाहेक थुनामा राख्न पाइदैन ।
- कसैलाई पनि यातना दिन पाईंदैन । पक्राउ परेका व्यक्तीलाई कुटपिट गर्न वा कुनै किसिमको यातना दिने गर्न हुँदैन ।
- अपराधको सूचना दिनु सबैको कर्तब्य हो । नजिकको प्रहरी कार्यालयमा वा सम्बन्धित अनुसन्धान गर्ने निकायमा यस्तो सूचना दिनुपर्छ ।
- अपराधको बारेमा आफूलाई थाहा जानकारी भएको साँचो कुरा अनुसन्धानको क्रममा अनुसन्धान अधिकारी र अदालत/अर्धन्यायिक निकायमा बयान/वकपत्रमा भन्नुपर्छ ।
- अपराध पीडितलाई उद्धार गर्न, उपचार गर्न र पुर्नस्थापना गर्न सहयोग गर्नुपर्छ ।

- साक्षीको रूपमा रहेका व्यक्तिले अपराधको बारेमा आफूलाई थाहा जानकारी भएको कुरा अदालत/अर्धन्यायिक निकायमा तोकिएको दिनमा गएर वकपत्र गरिदिनु पर्छ ।
- सुनेर जानेको वा थाहा पाएको कुरा प्रमाण होइन ।
- असमर्थ पक्षलाई कानून बमोजिम निशुल्क कानूनी सहायता पाउने हक हुन्छ ।
- अपराध पीडितलाई आफू पीडित भएको मुद्दामा भएको अनुसन्धानको र अदालतमा भएको न्यायिक काम कारवाहीको जानकारी पाउने हक हुन्छ ।
- प्रत्येक अपराध पीडितलाई अभियुक्तलाई लगाइएको अभियोगको बारेमा वा अभियोग नलगाइएको अवस्थामा त्यसको आधार र कारणको बारेमा जानकारी पाउने हक हुन्छ ।
- अपराध पीडितलाई कानून बमोजिम मुद्दाको कारवाही प्रक्रियामा सहभागी हुन पाउने, सामाजिक पुन:स्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुन्छ ।
- नेपाल सरकार वादी हुने मुद्दामा अपराधको सूचना दिने व्यक्ति सरकारी गवाह (साक्षी) हुन्छ ।
- अदालत/मुद्दा हेर्ने निकायबाट दोषी ठहर नहुँदासम्म अभियुक्तलाई निर्दोष मान्नुपर्छ ।
- आफू विरुद्ध लागेको कसूरको प्रतिरक्षा गर्न कानून व्यवसायी राख्न असमर्थ अभियुक्तलाई राज्यद्वारा निशुल्क कानूनी सहायता एवं प्रतिरक्षा उपलव्ध हुन्छ । यसका लागि वैतनिक वकीलको व्यवस्था गरिएको हुन्छ ।

**दोस्रो कार्यपत्र**

## २ लैङ्गिक हिंसाको परिचय र मुलुकी अपराध संहितामा भएको कसूर सम्बन्धी व्यवस्था

नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, बर्दिया
२०८१ बैशाख १४ गते

### लैङ्गिक हिंसा

- लिङ्गका आधारमा शक्तिशालीबाट कमजोरमाथि गरिने भेदभावपूर्ण व्यवहार नै लैङ्गिक हिंसा हो ।
- लैङ्गिक हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा कसै प्रति शारीरिक, मानसिक वा यौनजन्य क्षति वा पींडा पुर्याउने कार्यहरुलाई जनाउँछ ।
- लिङ्गका आधारमा हुने कुनै पनि प्रकारका अपमानजनक, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिला, पुरुष वा तेस्रो लिङ्गीलाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै पनि कार्य यस भित्र पर्छ ।
- लैङ्गिक हिंसाबाट महिला, पुरुष वा अन्य लिङ्गी जो कोही पनि पीडित हुन सक्छ ।
- हाम्रो सामाजिक संरचनामा शिक्षा, स्वास्थ्य, रोजगार, सम्पत्ति, निर्णय प्रकृयामा महिलाको कम पहुँच छ । त्यसैगरी श्रोत परिचालन, शक्तिको प्रयोगमा महिलाको कम अवसर छ । पुरुष प्रधान पारिवारिक संरचनामा पुरुषको नियन्त्रण बढी हुन्छ । त्यसैले लैङ्गिक हिंसाबाट बढी महिला पीडित हुने गरेका छन् ।
- तर लैङ्गिक हिंसा भनेको महिला माथि हुने हिंसा मात्र भने होइन ।

### लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान

- हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विश्वभर लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान (२०८० सालमा मंसिर ९ गते देखि २४ गते सम्म परेको) मा विभिन्न कार्यक्रमहरु गरी मनाइन्छ ।
- सन् २०२३ को अन्तर्राष्ट्रिय नारा 'महिला र बालिकाविरुद्ध हिंसा रोक्न एकजुट लगानी।' "Unite! Invest to Prevent Violence Against Women & Girls"
- सन् २०२३ को राष्ट्रिय नारा 'लैङ्गिक हिंसा अन्त्यको सुनिश्चितताः महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता' रहेको छ ।

### हिंसाका स्वरुपहरु

- शारीरिक हिंसा
- मानसिक हिंसा
- सामाजिक सांस्कृतिक हिंसा
- यौन हिंसा
- आर्थिक हिंसा

**लैङ्गिक विभेद उन्मुलन गर्न संविधानमा भएको व्यवस्था**

धारा १८ समानताको हक:

(१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् ।कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित गरिने छैन ।

धारा ३८ महिलाको हक:

(१) प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ ।

(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।

(३) महिला बिरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।

(५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

(६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तीको समान हक हुनेछ ।

**महिला माथि हुने हिंसात्मक अपराधलाई दण्डनीय बनाउन भएका कानूनी व्यवस्थाहरु:**

- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१
- बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२
- मुलुकी अपराध संहिता, २०७४

**मुलुकी अपराध संहिता, २०७४ मा भएको व्यवस्था**

<u>कसूरदारलाई हतोत्साहित गर्ने व्यवस्थाहरु</u>

- नेपाली नागरिक विरुद्ध जवरजस्ती करणी वा हाडनाता करणीको कसूर लगायतका केही कसूर नेपाल बाहिर गरेको भए पनि नेपाल भित्रै कसूर गरेको मानी सजाय हुन सक्ने ।दफा २(३)(ङ)
- जवरजस्ती करणीको कसूरबाट पीडित महिलालाई समेत निजी रक्षाको अधिकार प्राप्त हुने । दफा २६(२) (ख)
- जवरजस्ती करणी गरी ज्यान मारेको कसूरमा कसूरदार जीवित रहेसम्म कैद हुने व्यवस्था रहेको । दफा ४१ (च)

**मुलुकी अपराध संहितामा भएको व्यवस्थाहरु**

- सार्वजनिक स्थानमा महिला र बालबालिकासमेतलाई हातपात वा हैरानी गर्न वा त्यसको उद्योग गरेमा कसूर गर्ने वा गराउनेलाई १ वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने । दफा ११८ । हानि नोक्सानी बापत दफा १२७ मा क्षतिपूर्तिको व्यवस्था ।
- लिङ्ग, वैवाहिक स्थिति र गर्भावस्थासमेतका आधारमा भेदभावपूर्ण व्यवहार गरेमा कसूर गर्ने वा गराउनेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय । दफा १६०
- दास वा कमारा, कमारी बनाउन, राख्न, काममा लगाउन वा सो सरहको अन्य कुनै पनि व्यवहार गर्न वा गराउन नहुने । कसूर गरेमा पाँच वर्षदेखि दश वर्षसम्म कैद र पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुने । दफा १६३
- महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्न वा त्यस्तै अन्य कुनै किसिमका भेदभाव, छुवाछुत वा अमानवीय व्यवहार गर्नु वा गराउनु हुँदैन । दफा १६८(३) कसूर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय । दफा १६८(४) राष्ट्रसेवकले यस दफामा लेखिएको कसूर गरेमा निजलाई थप तीन महिनासम्म कैद सजाय हुने ।दफा १६८ (५) ।
- विवाह गर्ने व्यक्तिहरुको मञ्जुरी बिना विवाह गराईएमा विवाह बदर भई कसूर गर्नेलाई दुई वर्ष सम्म कैद र बीस हजार रुपैयाँसम्म जरिवाना हुने । दफा १७१
- परम्परा अनुसार चली आएको अवस्थामा बाहेक हाडनाता करणीमा सजाय हुने नातामा विवाह गर्न वा गराउने कार्य गरेमा विवाह थाहा नपाई भएकोमा विवाह बदर हुने तथा जानी जानी भएको रहेछ भने त्यस्तो विवाह गर्नेलाई हाडनाता करणीको कसूरमा हुने सजाय र गराउनेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने र त्यस्तो विवाह स्वतः बदर हुने ।दफा १७२
- विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी विवाह गर्न वा गराउन नहुने । उक्त विवाह बाल विवाह हुने र भएको विवाह स्वतः बदर हुने । कसूर गर्नेलाई तीन वर्ष सम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने । दफा १७३
- आफ्नो परम्परादेखि चली आएको सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहना बाहेक विवाह गर्ने दुलाहा दुलहीका तर्फबाट कुनै किसिमको माग गरी वा लेनदेन शर्त राखी विवाह गर्न वा गराउन हुँदैन । कसूर गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने । दफा १७४ (१) र (२) ।
- कसैले विवाह गरी सकेपछि चल, अचल सम्पत्ति वा दाइजो माग गर्न वा चल, अचल सम्पत्ति वा दाइजो नदिएको कारणले दुलही वा निजका नातेदारलाई हैरान पार्न,

सताउने वा कुनै अमानवीय वा अपमानजनक व्यवहार गर्न नहुने । कसूर गरेमा ५ वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने । दफा १७४ (३) र (४) ।

- विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्न नहुने । कुनै पुरुष विवाहित हो भन्ने जानी जानी त्यस्तो पुरुषसँग कुनै महिलाले विवाह गर्न नहुने । पति पत्नीले कानून बमोजिम अंशवण्डा गरी भिन्न भएमा पुरुष वा महिलाले पुनः विवाह गर्न सक्ने । कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षदेखि पाँच वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना हुने । विवाह स्वतः बदर हुने । दफा १७५

## महिलालाई लक्षित गरी हुने अपराधमा कठोर सजायको ब्यवस्था

- कसैले कसैलाई आत्महत्याको दुरुत्साहन दिन वा त्यस्तो काम गर्नेसम्मको परिस्थिति खडा गर्न वा गराउन नहुने । कसूर गरेमा ५ वर्षसम्म कैद र ५० हजार सम्म जरिवाना हुने- दफा १८५ ।

## महिलाको प्रजनन अधिकार सुरक्षित गर्न अपराधिकरण गरिएका विषयहरु

- गर्भवती महिलालाई करकाप गरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी गर्भपतन गराउन नहुने । दफा १८८(२) कसूर गर्ने वा गराउनेलाई अवधि अनुसार ५ वर्षसम्म कैद र रु ५० हजारसम्म जरिवाना हुने । दफा १८८(३)
- गर्भवती महिलाको ज्यान लिने उद्योग गर्दा महिला नमरी निजको गर्भमा रहेको पच्चीस हप्ता वा पच्चसीस हप्ता भन्दा बढी अवधिको गर्भपतन भएमा कसूरदारलाई यस संहिता वा अन्य कानून बमोजिमको सजायमा थप पाँच वर्षसम्म कैद हुने । ज्यान मार्ने उद्योगमा हुने सजायमा थप ५ वर्षसम्म कैद हुने । दफा १८८(५)
- गर्भवती महिला विरुद्ध कुनै रिसइवीले कुनै काम गर्दा गर्भपतन हुन गएमा गर्भपतन गर्ने नियतले त्यस्तो काम गरेको रहेनछ भने पनि अवधी अनुसार ५ वर्षसम्म कैद हुने । दफा १८८(६) ।
- गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गर्ने वा गराउनेलाई तीन महिनादेखि ६ महिनासम्म कैद । लिङ्ग पहिचान गरी गर्भपतन गर्ने वा गराउनेलाई दफा १८८(३) को सजायमा थप एक वर्षसम्म कैद ।

## महिलाको स्वायत्तता सुरक्षित राख्न गरिएका व्यवस्थाहरु

- गर्भवती महिलाको मञ्जुरीले १२ हप्तासम्मको गर्भ पतन गराएकोमा, गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई महिलाको मञ्जुरीले गर्भपतन गराएकोमा, जवरजस्ती करणी

वा हाडनाता करणीबाट रहेको १८ हप्तासम्मको गर्भ गर्भवती महिलाको मञ्जुरीले गर्भपतन गराएकोमा र रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भि.) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग शरीरमा भएकी महिलाको मञ्जुरीले गर्भपतन गराएकोमा कसूर नमानिने । दफा १८९

**महिलाको संवेदनशील अंगमा शारीरिक क्षति पुर्याएमा**

- महिलाको स्तनकाटी दिएमा वा महिलालाई बाझोपन बनाएमा अङ्गभङ्गको कसूर मानी १० वर्षसम्म कैद र १ लाख सम्म जरिवाना हुने । दफा १९२

**महिलालाई लक्षित गरी हुने अपराधमा कठोर सजायको व्यवस्था**

- तेजाब प्रयोग गरी अङ्गभङ्ग गरेमा । अवस्था अनुसार बीस वर्ष कैद र दश लाख रुपैयाँ जरिवाना, पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र सात लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिवाना, सात वर्षदेखि दश वर्षसम्म कैद र पाँच लाख रुपैयाँदेखि सात लाख रुपैयाँसम्म जरिवाना, सात वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिवाना । दफा १९२ क (उपदफा १ देखि ६)
- तेजाब प्रयोग गरी अङ्गभङ्गको कसूरको पीडितले जरिवाना बापत प्राप्त पूरै रकम पीडितलाई क्षतिपूर्ति बापत दिनुपर्ने । दफा १९२ क (७)
- पीडित व्यक्तिलाई भएको शारीरिक र मानसिक पीडा र अङ्गभङ्गको गम्भीरता तथा जरिवाना रकम समेत विचार गरी सजाय निर्धारण गर्दा मनासिव क्षतिपूर्ति भराउनु पर्ने । दफा १९२ क (८)
- ज्वलनशील, जैविक वा विषालु पदार्थ प्रयोग गरी कुरुप पार्ने कसूरदारलाई अनुहार कुरुप पारेमा ५ वर्ष देखि ८ वर्षसम्म कैद र १ लाख देखि ५ लाखसम्म जरिवाना र शरीरको अन्य अङ्ग कुरुप पारेमा वा शरीरमा पीडा पुर्याएमा तीन वर्षदेखि पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिवाना हुने ।दफा १९३ (२) ।
- उक्त कसूरमा जरिवाना बापत प्राप्त पुरै रकम पीडितलाई क्षतिपूर्ति वापत दिनु पर्ने । दफा १९३ (३) ।

**कठोर सजायको ब्यवस्था**

**दफा २१९ जबर्जस्ती करणी गर्न नहुने**

(१) कसैले जवर्जस्ती करणी गर्न हुँदैन ।

(२) कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्ष भन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबर्जस्ती करणी गरेको मानिनेछ ।

स्पष्टिकरण: यस परिच्छेदको प्रयोजनको लागि:

(क) करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरीर वन्धक लिई लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन, ।

स्पष्टिकरणः यस परिच्छेदको प्रयोजनको लागिः

(ख) होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन,

(ग) गुदद्वार वा मुखमा लिङ्ग पसाएमा, गुदद्वार, मुख वा योनीमा लिङ्ग केही मात्र पसेको भएमा, लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा पनि जवर्जस्ती करणी गरेको मानिनेछ ।

(३) जवर्जस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी गर्दाको परिस्थिति र महिलाको उमेर हेरी देहाय बमोजिम कैद हुनेछः

(क) दश वर्षभन्दा कम उमेरकी बालिका, पूर्ण अशक्त, अपाङ्गता भएका वा सत्तरी वर्षभन्दा बढी उमेरका महिला भए जन्म कैद,

(ख) दश वर्ष वा दश वर्षभन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिका भए अठार वर्षदेखि बीस वर्षसम्म,

(ग) चौध वर्ष वा चौध वर्षभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए बाह्र वर्ष देखि चौध वर्षसम्म,

(घ) सोह्र वर्ष वा सोह्र वर्षभन्दा बढी अठार वर्षभन्दा कम उमेरकी महिला भए दश वर्षदेखि बाह्र वर्षसम्म,

(ङ) अठार वर्ष वा अठार वर्षभन्दा बढी उमेरकी महिला भए सात वर्षदेखि दश वर्षसम्म ।

(३क) जवर्जस्ती करणी गर्ने व्यक्तिलाई उपदफा (३)बमोजिमको कैद सजायको अतिरिक्त देहाय बमोजिमको जरिवाना समेत हुनेछ र त्यस्तो जरिवाना बापत प्राप्त सबै रकम प्रचलित कानून बमोजिम स्थापना भएको पीडित राहत कोषमा जम्मा गरिनेछः

(क) उपदफा (३) को खण्ड (क) वा (ख) बमोजिम कैद सजाय हुने कसूरदारलाई सात लाख रुपैयाँ जरिवाना,

(ख) उपदफा (३) को खण्ड (ग) वा (घ) बमोजिम कैद सजाय हुने कसूरदारलाई पाँच लाख रुपैयाँ जरिवाना,

(ग) उपदफा (३) को खण्ड (ङ) बमोजिम कैद सजाय हुने कसूरदारलाई तीन लाख रुपैयाँ जरिवाना,

- वैवाहिक सम्बन्ध रहेको अवस्थामा पतिले पत्नीलाई जबर्जस्ती करणी गरेमा पाँच वर्ष सम्म कैद हुने ।दफा २१९ (४)
- प्रतिरोधक क्षमता ह्रास गर्ने जिवाणु (एच.आई.भि. पोजिटिभ) वा सरुवा यौनरोग भएको थाहा पाउँदा पाउँदै कसैले जबर्जस्ती करणी गरेको रहेछ भने त्यस्तो कसूरदारलाई उपदफा (३) मा लेखिएको सजायमा थप सजाय हुने । दफा २१९ (६)

(क) एच.आई.भि. पोजिटिभ भएको थाहा पाउँदा पाउँदै जबर्जस्ती करणी गरेमा दफा १०५ बमोजिमको सजाय, (दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिवाना) दफा २१९ (६)

(ख) अन्य सरुवा यौन रोग भएको थाहा पाउँदा पाउँदै जबर्जस्ती करणी भएको भए तीन वर्ष कैद र तीस हजार रुपैयाँ जरिवाना । दफा २१९ (६)


- सामूहिक रुपमा जवर्जस्ती करणी गरेमा वा ६ महिना भन्दा बढीको गर्भवती, अशक्त वा अपाङ्ग वा शारीरिक वा मानसिक रुपमा अस्वस्थ महिलालाई वा हातहतियार देखाई जवर्जस्ती करणी गरेमा उपदफा (३) मा लेखिएको सजायमा थप पाँच वर्षसम्म कैद सजाय हुने । दफा २१९ (७)
- कसैले हाडनाताकी महिलालाई जबर्जस्ती करणी गरेकोमा निजलाई हाडनाता करणीमा हुने सजाय समेत थप हुने ।
- हाडनातामा करणी गरेमा नाता सम्बन्ध हेरी अधिकतम जन्मकैद देखि न्यूनतम एक वर्षदेखि तीन वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिवाना । दफा २२०

  अदालतमा कारबाहीका लागि व्यक्तिले मुद्दा दिनुपर्ने ।क्षतिपूर्तिको ब्यवस्था नभएको ।
- यौन दुर्व्यवहार गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना । अदालतमा कारबाहीका लागि पीडितले मुद्दा दिनुपर्ने ।क्षतिपूर्तिको ब्यवस्था भएको ।दफा २२४ ।
- बालबालिकालाई बालयौन दुरुपयोग गरेमा तीन वर्ष सम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने ।दफा २२५
- बालबालिकालाई अप्राकृतिक मैथुन गरेमा दफा २१९ को जबरजस्ती करणीको सजाय बमोजिम सजाय हुने । दफा २२६ (३)
- कसैले कसैको मञ्जुरी बिना अप्राकृतिक मैथुन गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने । अदालतमा कारबाहीका लागि पीडितले मुद्दा दिनुपर्ने ।क्षतिपूर्तिको ब्यवस्था भएको । दफा २२६ (१) र (२) ।
- करणी सम्बन्धी कसूर भएपछि पीडित वा पीडितको परिवारलाई कुनै प्रकारको डर, धाक, धम्की दिई वा करकापमा पारी कुनै किसिमको लेनदेन गरी वा नगरी त्यस्तो कसूरमा उजुरी नगर्न, जाहेरी नदिन वा अदालतमा उपस्थित नहुन मञ्जुर गराउन वा कसूर गर्ने व्यक्ति र पीडित वा पीडितको परिवारको सदस्यबीच मेलमिलाप वा मिलापत्र गराउन वा त्यसको लागि दबाव दिन वा प्रभावमा पारेमा कसूर गर्ने गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने । दफा २२७ 'क' (१) र (२) ।

- सार्वजनिक पद धारण गरेको व्यक्तिले करणी सम्बन्धी कसूरमा मिलापत्र गराउने कार्यमा दफा २२७ 'क' (१) को कसूर गरेमा दफा २२७ 'क' (२) मा हुने सजायमा थप ६ महिना कैद सजाय हुने ।

धन्यवाद ।

तेस्रो कार्यपत्र



**मधुबन नगरपालिकामा अपराधको प्रवृत्तिको अवस्था**

**मितिः-२०८१।०१।१४ गते**

**प्रस्तुतकर्ताः-**
**प्र.नि. बखत बहादुर शाही**
**इलाका प्रहरी कार्यालय ढोढरी बर्दिया।**

1

**प्रस्तुतीकरणका विषयहरुः-**

- अपराधको परिचय
- अपराधको प्रवृती/त्रिबर्षिय तथ्याङ्क (मधुबन नगरपालिका भित्रको)
- समस्या / चुनौतीहरु
- समाधानका लागी गरिएका र थप गर्नुपर्ने प्रयासहरु/सुझावहरु

2

## अपराध

- प्रचलित कानूनले नगर्नु भनेको कार्य गर्नु वा गर्नु भनेको कार्य नगर्नु
- फौजदारी कानूनले निषेध गरेको कार्य
- प्रचलित कानूनले दण्ड हुने कार्य
- नेपाली बृहत शब्दकोष अनुसारः- अपराधलाई कानुन बिरुद्धको काम,धार्मिक दृष्टिकोणबाट गर्न नहुने आचरण , पाप लाग्ने काम भनि अथ्याईएको छ।

3

- शाब्दिक रुपमा अपराध भन्नाले दण्ड दिनुपर्ने कार्य,कसैको हानी भईहाल्ने अनुचित काम बिधि वा बिधान बिरुद्धको कार्य,खराब काम,पापकर्म , अत्याचार,धर्म वा नियतको बिरोधी काम भन्ने बुझाउछ।
- कानुनी अर्थमा अपराध भनेको ब्यक्ति समाज वा राज्य बिरुद्धको दण्डनिय कार्यको कानुन द्वारा निषेधित कार्य हो।
- अपराध त्यस्तो अचारण हो जुन सम्बन्धित राष्ट तथा समाजका लागी घातक हुन्छ।

4

## अपराधको प्रवृत्ति (Crime trend)

- निश्चित समयावधी (बर्ष,महिना,हप्ता,दिन,घण्टा) भित्रको अपराधिक घटनाहरुको संख्याको आधारमा बिश्लेषण
- निश्चित समयावधीको तत्याङ्कको आधारमा भावी समयावधीको अपराध संख्या अनुमान गरिने
- प्रवृतीले दिशा निर्देश गर्ने कारण सो आधारमा प्रहरीले आफ्नो गतिबिधी संचालन गरी अपराध रोकथाम गर्ने

5

**मधुबन नगरपालिकामा घटेका अपराधको त्रिबर्षिय तथ्याङ्क**

| सि. नं. | मुद्दा शिर्षक | आ.ब. २०७७।०७८ | | | आ.ब. २०७८।०७९ | | | आ.ब. २०७९।०८० | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दर्ता | फर्छ्यौट | बाँकी | दर्ता | फर्छ्यौट | बाँकी | दर्ता | फर्छ्यौट | बाँकी |
| १ | कर्तब्य ज्यान | १ | १ | - | - | - | - | १ | १ | - |
| २ | ज्यान मार्ने उद्योग | १ | १ | - | - | - | - | ४ | ४ | - |
| ३ | सवारी ज्यान | ३ | ३ | - | १ | - | १ | ५ | ४ | १ |
| ४ | सवारी गौवध | १ | १ | - | - | - | - | - | - | - |
| ५ | सा.सु. बिरुद्ध कसुर | १० | १० | - | ४ | ४ | - | ४ | ४ | - |
| ६ | ज.ज.क. | ४ | ४ | - | ४ | ४ | - | ४ | ४ | - |
| ७ | ज.ज.क.उ. | १ | १ | - | - | - | - | १ | १ | - |
| ८ | जुवा | - | - | - | १ | १ | - | १ | १ | - |
| ९ | बहु विवाह | - | - | - | १ | १ | - | १ | १ | - |
| १० | चोरी | २ | २ | - | २ | २ | - | १ | १ | - |
| ११ | लागू औषध | १ | १ | - | ३ | ३ | - | ७ | ७ | - |
| १२ | बाल यौन दुरुपयोग | - | - | - | १ | १ | - | - | - | 6 |

6/28/2024

## मधबन नगरपालिकामा घटेका अपराधको त्रिबर्षिय तथ्याङ्क

| सि.नं. | मुद्धा शिर्षक | आ.ब. २०७७।०७८ | | | आ.ब. २०७८।०७९ | | | आ.ब. २०७९।०८० | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दर्ता | फर्छ्यौट | बाँकी | दर्ता | फर्छ्यौट | बाँकी | दर्ता | फर्छ्यौट | बाँकी |
| १३ | झु.आ.ह. | ६ | ६ | - | ५ | ५ | ० | १० | - | १० |
| १४ | भबितब्य ज्यान | २ | २ | - | १ | - | १ | २ | - | २ |
| १५ | बाघको आक्रमण | ७ | ७ | - | १ | - | १ | ३ | - | ३ |
| १६ | बिष सेवन | १ | १ | - | - | - | - | - | - | - |
| १७ | फुटकर ज्यान | ३ | ३ | - | १ | - | १ | ४ | - | ४ |
| १८ | जातिय छुवाछुत | १ | १ | - | - | - | - | - | - | - |
| १९ | बैंङकिङ कसुर | १ | १ | - | - | - | - | २ | २ | - |
| २० | अपहरण,शरिर बन्धक राखि ज.क. | १ | १ | - | - | - | - | - | - | - |
| २१ | करेन्टलागी मृत्यु भ.त.ज्यान | - | - | - | १ | - | १ | २ | - | २ |
| २२ | सर्पले टोकी मृत्यु (भ.ज्या.) | - | - | - | - | - | - | १ | - | १ |
| २३ | अपाधिक उपद्रव गर्न नहुने कसुर | - | - | - | - | - | - | १ | १ | - |
| २४ | ठगी सम्बन्धी कसुर | - | - | - | - | - | - | १ | १ | - |
| | जम्मा | ४६ | ४६ | ० | २६ | २५ | १ | ५५ | ३२ | २३ |

7

## चालु आ.ब.को अपराध तथ्याङ्क


| सि.नं. | मुद्धा शिर्षक | मुद्धा दर्ता संख्या | फर्छ्यौट संख्या | बाँकी संख्या | कै. |
|---|---|---|---|---|---|
| १ | जबरजस्ती करणी | ६ | ३ | ३ | |
| २ | लागु औषध (ब्राउनसुगर) | १९ | १५ | ४ | |
| ३ | चोरी | २ | २ | ० | |
| ४ | फूटकर ज्यान | २ | ० | २ | |
| ५ | झुण्डी आत्महत्या ज्यान | १० | ० | १० | |
| ६ | बालयौन दुर्ब्यवहार | १ | १ | ० | |
| ७ | ज्यान मार्ने उद्योग | २ | १ | १ | |
| ८ | बाघको आक्रमणबाट मृत्यु भवितब्य ज्यान | २ | ० | २ | |
| ९ | भवितब्य ज्यान | ८ | ० | ८ | |
| १० | सवारी ज्यान | ५ | ४ | १ | |
| ११ | बहु बिवाह | १ | १ | ० | |
| १२ | सवारी गौवत | १ | १ | ० | |
| १३ | अभद्र ब्यबहार | ३ | १ | २ | |
| | जम्मा | ६२ | २९ | ३३ | |

8

- आ.ब.२०७७/०७८ मा कुल मुद्धा दर्ता संख्या ४६ रहेकोमा चालु आ.ब.को आजका मिति सम्मको मुद्धा दर्ता संख्या ६२ रहेको पाईन्छ । यसबाट ४ बर्षको अन्तरालमा झण्डै ४४% का दरले अपराधिक घटनाको संख्या बृद्धी भएको पाईन्छ ।
- यसरी अपराधको सम्बन्धमा प्रहरीमा उजुरी पर्नु वा मुद्धा दर्ता हुनु भनेको आम जनतामा कानुनी सजकता अभिबृद्धी भएको , अपराधलाई सहन हुन्न भन्ने मानसिकता बृद्धी भएको हो र पनि यथार्थमा समाजमा अपराधिक घटना त भएकै हो ।


9

## चौबर्षिय अपराध तालिका





10

## मुख्य घटनाहरुको बिश्लेषण




11


## लागुऔषध मुद्धाको चौबर्षिय तथ्याङ्क




चालु आ.ब.को आजको मिति सम्म बर्दिया जिल्लाभरी जम्मा मुद्धा दर्ता संख्या ५१२ रहेको जसमध्य लागुऔषध सम्बन्धी मुद्धा ९२ दर्ता भएको जुन समग्र मुद्धाको करिब १८% हुन आउने र यस मधुबन नगरपालिकाको वडा एरियामा जम्मा मुद्धा संख्या ६२ रहेको र लागुऔषध मुद्धा १९ रहेकोमा जुन समग्र मुद्धाको ३१% हुन आउने ।

12

## PERCENTAGE DISTRIBUTION OF AGE AT FIRST DRUG INTAKE





13

## समस्या तथा चुनौतीहरुः-

- लागुऔषध दुर्व्यसनीमा किशोर / किशोरीहरुको बढ्दो संलग्नता







14

- मानव बन्यजन्तु द्वन्द



- बढ्दो सवारी दुर्घटना (छाडा पशु चौपाया)




## आत्महत्या

- मिति २०८०।१२।१३ गते दिउसो अन्दाजी १६:०० बजेको समयमा जिल्ला बर्दिया मधुबन नगरपालिका वडा नं. ३ बिपतपुर बस्ने बर्ष ३२ को हरि राम चौधरी ऐ. स्थित बालकुमारी सामुदायिक बनमा झुण्डी मृत्यु भएको।




- मिति २०८०।११।२० गते राती अन्दाजी २३:०० बजेको समयमा जिल्ला बर्दिया मधुबन नगरपालिका वडा नं. ३ खाता बस्ने बर्ष अ. ५४ को चुनु थारु आफ्नै घर नजिक आँपको रुखको हाँगामा आफैले प्रयोग गर्ने पहेलो रङ्को चुन्नीले घाँटीमा पासो लगाई मृत्यु भएको



- जिल्ला बर्दिया मधुबन न.पा. वडा नं. ३ बिपतपुर बस्ने बर्ष ३६ की सुमित्रा चौधरीले मिति २०८०।०७।२६ गते राती अन्दाजी २०;०० बजेको समयमा आफ्नो घरनजिकै रहेको सिसौ जातको रुखमा चुन्नीले घाँटीमा पासो लगाई झुण्डी मृत्यु भएको।



- मिति २०८०।०६।०६ गते बिहान अन्दाजी ०६;०० बजेको समयमा जि.बर्दिया मधुबन न.पा. वडा नं. ५ खैरेनी सामुदायीक बनमा बर्ष अन्दाजी ३१ को दुर्गाराम सार्कीले नाम्लो (बरियो) ले पासो लगाई झुण्डी मृत्यु भएको





20

- खुला सिमानाका
- अबैध हातहतियाको ओसार-पसार तथा प्रयोग
- बाल बिवाह,बहुबिवाह,गरिबी तथा बेरोजगार
- जनचेतना तथा कानुनी ज्ञानको कमी
- घरेलु हिंसा,लैङ्गिक हिंसा,दाईजो,बोक्सिको आरोप,जातिय छुवाछुत तथा कुरिती कुसस्कार आदि।

21

## समाधानका लागी गरिएका र गरिनुपर्ने प्रयासहरु

- मुख्य बजार क्षेत्र र बिभिन्न अपराधिक क्रियाकलापहरु हुनसक्ने क्षेत्रहरुमा सि.सि.क्यामेरा जडान गरिनु पर्ने।
- रातको समयमा हुने अपराधहरुलाई न्युनिकरण गर्नको लागी बजार एरिया लगाएत अन्य सम्भावित क्षेत्रमा हाईमष्ट लाईटको ब्यवस्था हुनु पर्ने।
- लागुऔषध दुर्ब्यसनीमा फसेका युबा युवतीहरुको लागी पुनस्थापना केन्द्रको स्थापनाका साथै स्थानिय स्तरमानै ब्यापकरुपमा बिभिन्न सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनु पर्ने

22

## समाधानका लागी गरिएका र गरिनुपर्ने प्रयासहरु

- समाजमा हुने बिभिन्न सामाजिक अपराधहरु (बालबिवाह, बहुबिवाह, दाईजो,बोक्सी आरोप,बालश्रम,जातिय छुवाछुत जस्ता समाजमा बिध्यमान करिती, कुसंस्कार) न्युनीकरणका लागी उचित बजेट छुट्टाईनु पर्ने र सो बजेट सम्बन्धी क्षेत्रमानै खर्च गरिनु पर्ने।
- बिपन्न परिवारका,अपाङ्गता भएका बालबालिका,महिला,एकल महिला तथा जोखिममा रहेका ब्यक्तिहरु जो माथि बिभिन्न अपराधहरु हुन सक्छ त्यस्ता ब्यक्तिहरुका लागी सरोकारवाला पक्षहरुले ध्यान दिनु पर्ने।
- बढ्दो सवारी दुर्घटनालाई न्युनीकरण गर्नको लागी छाडा पशु चौपायको उचित ब्यवस्थापनको साथै बिभिन्न ट्राफीक सचेतनामुलक कार्यक्रमहरु गरिनु पर्ने।

23

- घरपरिवार भित्र हुने बिभिन्न किसिमका हिंसाहरु (लैंङ्गिक हिंसा,घरेलु हिंसा ) न्युनीकरण गर्नको लागी सचेतनामुलक कार्यक्रमहरु गरिनु पर्ने। (हजुरबुबा-नातिनातिना अन्तरक्रिया कार्यक्रम,)
- आत्महत्या सम्बन्धी घटनाहरु यस पालिका भित्र प्रत्यक बर्ष बढ्दो क्रममा रहेकोले सो को न्युनीकरणका लागी निति तथा कार्यक्रमहरुमा समेत समाबेश गरिनु पर्ने।
- अपराधिक क्रियाकलापलाई न्युनीकरण गर्नका लागी समुदाय प्रहरी साझेदारी कार्यक्रमलाई अझै प्रभावकारी बनाउनु पर्ने र सोको लागी पालिका,वडा तथा टोलमा गठित समितीलाई सक्रिय राख्नु पर्ने आदी।

24

चौधौ कार्यपत्र

# मधुवन नगरपालिका क्षेत्रभित्र वन तथा वन्यजन्तु संरक्षण र अपराधको प्रकृती

(वर्तमान समस्या/चुनौती तथा समाधानका उपाय)

मितिः २०८१।१।१४ गते

सन्तोष चौधरी
वन अधिकृत
खाता सब-डिभिजन वन कार्यालय, सानोश्री


## मधुवन नगरपालिका क्षेत्रमा वनको अवश्था

| सि.नं. | वनको प्रकार | संख्या | जम्मा क्षेत्रफल (हे) | घरधुरी | जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक वन | ५४ | ५३०० | ८३३३ | ४०९९८ | |
| २ | धार्मिक वन | ३ | १५.३६ | | | |
| | जम्मा | ५७ | ५३१५ | ८३३३ | ४०९९८ | |

## वडा अनुसार मधुवन नगरपालिकामा वनक्षेत्रको अवस्था

| वडा नं. | संख्या | क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| १ | ८ | ७२५.६६ | |
| २ | १२ | १२५७.५१ | |
| ३ | ११ | ६९८.४१ | |
| ४ | ११ | १२७०.२१ | |
| ५ | ५ | ६१६.५३ | |
| ६ | ४ | ३०४.५२ | |
| ७ | ० | ० | |
| ८ | १ | ४२.८ | |
| ९ | २ | ३८४.६६ | |
| जम्मा | | ५४ | ५३०० |


## वडा अनुसार मधुवन नगरपालिकामा वन क्षेत्रको अवस्था



## खाता संरक्षित वन (जैविक मार्ग) क्षेत्र




- बर्दिया रा.नि. नेपाल र कतर्नियाघाट वाइल्डलाईफ सेन्चुरी भारत संग जोडिएको महत्वपुर्ण जैविक मार्ग खाता। नेपालको सबैभन्दा फन्कसनल कोरिडोर।
- क्षेत्रफल : २०२ वर्ग कि.मि.
- जम्मा आवद्ध सा.वन : ७४ वटा -
- खाता सा.वन समन्वय समिति अन्तर्गत ३९
- खैरी सा.वन समन्वय समिति अन्तर्गत ७
- वसन्ता समन्वय समिति अन्तर्गत : २८
- आवद्ध घरधुरी : ८५८०
- खाता संरक्षित वन घोषणा मिति : २०६७०२२२






## खाता जैविक मार्गमा क्यामेरा ट्रयापमा परेका बाघहरुः छुट्टा छुट्टै २४ वटा बाघ



खाता जैविक मार्ग क्षेत्रमा क्यामेरा ट्र्यापमा परेका ३४ आहार प्रजाती तथा अन्य ठूला जनावरहरु



7

## मधुवन नगरपालिकामा वन तथा वन्यजन्तु सम्बन्धी अपराध

| सि.नं. | आ.व. | वन अपराध सम्बन्धी मुद्दा | वन्यजन्तु अपराध सम्बन्धी मुद्दा | कैफियत |
|---|---|---|---|---|
| १ | २०८०/०८१ | ५ | ० | २ वटा मुद्दामा सरकारी वकिल कार्यालयबाट निर्णय भई अभियोग पत्रको तयारीमा बाँकी मुद्दामा अनुसन्धान कार्य जारि रहेको । |
| २ | २०७९/०८० | ४ | ० | २ वटा मुद्दा सम्मानित बर्दिया जिल्ला अदालतमा पेश भई सकेको र बाँकी २ वटामा अनुसन्धान कार्य जारी रहेको । |
| ३ | २०७८/०७९ | २ | ० | सम्मानित बर्दिया ज़िल्ला अदालतमा पेश भई सकेको । |

8

## वन तथा वन्यजन्तु सम्बन्धी अपराधका कारणहरू

- अधिकांश वडा तथा बस्तीहरू भारतिय वनक्षेत्रसँग जोडिएर रहेको हुनाले भारतिय वनक्षेत्रबाट चोरी पैठारी ।
- वडा नं. ७ र ९ मा नेपाल तर्फ न्युन वनक्षेत्र रहेकोले काठको लागी भारतिय वनक्षेत्रमा निर्भर रहनु ।
- सिमावर्ती क्षेत्रमा रहेका समुदायको न्युन आय र बेरोजगारीका कारण भारतिय जंगलमा बेगारी गर्न जाने र सो बापत प्राप्त गर्ने काठ दाउरा घरकाजको लागि ल्याउदा मुद्दा खेप्नु पर्ने ।
- अशिक्षा वा जनचेतनाको कमी ।

9

## समाधानका उपायहरू

- स्थानीय समुदायमा वन तथा वन्यजन्तु अपराध सम्बन्धी चेतनाको कमी भएर जानी नजानी अपराधमा संलग्न हुने गरेकोले वन कार्यालय, नेपाल प्रहरी र जिल्ला सरकारी वकिल कार्यालयको समन्वयमा वडा स्तरमा सचेतना कार्यक्रमहरू संचालन गर्ने ।
- सामुदायिक वनको उपभोक्ताबाट बञ्चितिमा परेका समुदायहरूलाई वनक्षेत्रको उपभोग गर्न गराउनका लागी वन कार्यालय तथा फेकोफन सँग आवश्यक समन्वय गर्ने ।
- सिमावर्ती क्षेत्रमा बसोबास गर्ने बिपन्न स्तरका घरधुरीलाई आयआर्जनका कार्यक्रम संचालन गर्ने ।
- भारतीय जंगलबाट बेगारी गरी ल्याएको काठको सन्दर्भमा वन कार्यालय, जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी र भारतिय वन प्रशासनसँग छलफल गरी निकास निकाल्नका लागी आवश्यक समन्वय गर्ने ।

10

## वन तथा वन्यजन्तु संरक्षण सम्बन्धी अन्य समस्या तथा चुनौतीहरू

- मानव र वन्यजन्तु बीचको बढदो द्वन्द ।
- वन अतिक्रमण
- फोहोरमैला व्यवस्थापन
- छाडा गाईगोरू व्यवस्थापन
- नदि जन्य पदार्थको उत्खनन तथा घाटगद्दी
- सामुदायिक वनको उपभोक्ताबाट बञ्चितिकरण

11

## समाधानका उपायहरू

- मधुवन नगरपालिका अन्तरगत हुने गरेको मानव र वन्यजन्तु बिचको द्वन्द न्यूनिकरण गर्नका लागी मधुवन नगरपालिको नेतृत्वमा डिभिजन वन कार्यालय, बर्दिया रा.नि. कार्यालय तथा अन्य संरक्षण साझेदार संस्था, राजनैतिक दल तथा अन्य सरोकारवालाहरू सँग सहकार्य गरेर एकिकृत कार्ययोजना तयार पारी कार्यान्वयन गर्ने ।
- मधुवन नगरपालिका अन्तर्गतको वनक्षेत्रमा अतिक्रमण हुन नदिन आवश्यक समन्वयकारी भुमिका निर्वाह गर्ने ।
- मधुवन नगरपालिका भित्र उत्पादन हुने फोहोरमैला ब्यवस्थापनको लागी तत्काल स्थायी समाधान खोज्नु पर्ने ।
- छाडा गाईगोरू व्यवस्थापन प्रभावकारी बनाउनु पर्ने ।
- नदि जन्य पदार्थको उत्खनन तथा घाटगद्दीलाई वन कार्यालय तथा स्थानीय वन उपभोक्ता समुह सँगको सहकार्यमा ब्यवस्थित गर्नु पर्ने ।
- सामुदायिक वनको उपभोक्ताबाट बञ्चितिकरणमा परेका वडा नं. ७ र ९ का उपभोक्ताहरूलाई वनक्षेत्र उपभोग गर्नका लागी वन कार्यालय, फेकोफन, सामुदायिक वन उपभोक्ता समुह तथा अन्य सरोकारवाला निकाय सँग समन्यकारी भुमिका गर्ने ।

12